# २०८२ भदौ २३ र २४ गतेको आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण र भौतिक सम्पत्तिको पुनर्व्यवस्थापन सम्बन्धी कार्ययोजना, २०८२

## बिषयसूची

१. पृष्ठभूमि ....................................................................................... १

२. पुनर्निर्माण र पुनर्व्यवस्थापनका सिद्धान्त र रणनीति ........................................ १

२.१ पुनर्निर्माणको सिद्धान्त .................................................................... १

२.२ पुनर्निर्माणको रणनीति ..................................................................... २

२.३ निजी क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनाको रणनीति ...................................... २

३. पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि अनुमानित लागत रकम र कार्ययोजना ......................... ३

३.१ सङ्घीय मन्त्रालय तथा निकायहरूको लागि आवश्यक पर्ने बजेट र कार्ययोजना .................. ३

३.२ प्रदेश सरकारको लागि आवश्यक पर्ने बजेट र कार्ययोजना ....................................... ४

३.३ स्थानीय तहको लागि आवश्यक पर्ने बजेट व्यवस्थापन .......................................... ५

४. पुनर्निर्माण र पुनर्व्यवस्थापनको लागि स्रोत व्यवस्थापन ........................................ ६

४.१ स्रोत व्यवस्थापनको लागि कार्ययोजना .................................................... ६

५. निजी प्रतिष्ठान र निजी घर सम्पत्तिको पुनर्निर्माण र पुनर्व्यवस्थापन .............................. ७

५.१ निजी प्रतिष्ठान र निजी घर सम्पत्तिको पुनर्निर्माण र पुनर्व्यवस्थापन सहयोगको लागि कार्ययोजना ........ ७

अनुसूची-१ ............................................................................... ९

## २०८२ भदौ २३ र २४ गतेको आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण र भौतिक सम्पत्तिको पुनर्व्यवस्थापन सम्बन्धी कार्ययोजना

### १. पृष्ठभूमि

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ असोज ५ गतेको निर्णयद्वारा राष्ट्रिय योजना आयोगको सचिवको नेतृत्वमा गठित समितिको प्रतिवेदन अनुसार २०८२ भदौ २३ र २४ गते भएको आन्दोलनको क्रममा रू. ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको सरकारी, सार्वजनिक संस्थान, निजी प्रतिष्ठान, व्यक्तिगत भवन, सवारीसाधन र अन्य भौतिक सम्पत्ति क्षति हुन गएको छ। यस मध्ये सरकारी / सार्वजनिक क्षेत्रको रू.४४ अर्ब ९३ करोड ७३ लाख र निजी क्षेत्रको रू. ३३ अर्ब ५४ करोड ८७ लाख क्षति भएको देखिन्छ। त्यस्तै, सामुदायिक तथा अन्य क्षेत्रको रू. ५ अर्ब ९७ करोड १७ लाख क्षति भएको छ। सरकारी / सार्वजनिक क्षेत्रमध्ये नेपाल सरकारको रू. २९ अर्ब ६७ करोड २ लाख, प्रदेश सरकारको रू. ४ अर्ब ४९ करोड ५९ लाख र स्थानीय तहको रू.९ अर्ब ८१ करोड ५१ लाख बराबरको क्षति भएको छ।

तीनै तहको सरकारी क्षेत्रको पुनर्निर्माण र पुनर्व्यवस्थापन गर्न रू. ३६ अर्ब ३० करोड २१ लाख लाग्ने अनुमान गरिएको छ। उक्त रकम मध्ये नेपाल सरकारको लागि रू. २४ अर्ब ६९ करोड ५९ लाख, प्रदेश सरकारको लागि रू. ३ अर्ब ७४ करोड ३० लाख र स्थानीय तहको लागि रू. ७ अर्ब ८६ करोड ३२ लाख लाग्ने अनुमान छ। कुल रकम मध्ये भवन मर्मत र पुनर्निर्माणमा रू. १९ अर्ब ९८ करोड ९८ लाख, सवारीसाधन खरिदको लागि रू. ६ अर्ब १६ करोड ८१ लाख र अन्य सम्पत्तिको प्राप्ति गर्न रू.१० अर्ब १४ करोड ४२ लाख आवश्यक पर्ने देखिएको छ।

### २. पुनर्निर्माण र पुनर्व्यवस्थापनका सिद्धान्त र रणनीति

#### २.१ पुनर्निर्माणको सिद्धान्त

पुनर्निर्माण कार्ययोजना तयारीको लागि देहायका सिद्धान्तहरूको अवलम्बन गरिएको छ;

२.१.१ पुनर्निर्माण कार्यमा तीनै तहका सरकारको आफ्नो आन्तरिक स्रोत परिचालन गर्ने। आन्तरिक स्रोतबाट पुनर्निर्माण कार्य सम्भव नहुने देखिएमा प्रदेश र स्थानीय तहलाई नेपाल सरकारले सहयोग गर्ने ।

२.१.२ पुनर्निर्माण कार्यमा तीन तहका सरकारी निकाय, निजी तथा गैरसरकारी क्षेत्रको समन्वय तथा सहकार्य गर्ने।

२.१.३ पुनर्निर्माण कार्यमा आन्तरिक स्रोत, साधन र विज्ञताको अधिकतम उपयोग गर्ने।

२.१.४ सेवाग्राहीमैत्री एवम् मितव्ययी हुने गरी सार्वजनिक भवन र पूर्वाधार निर्माण गर्ने।

२.१.५ विपद् प्रतिरोधी तथा जोखिम न्यूनीकरण सहितको उत्थानशील पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्ने।

२.१.६ प्रभावित व्यवसाय/उद्यमको पुनरुत्थानको लागि राहत, सहुलियत तथा प्रोत्साहनका कार्यक्रम ल्याउने।

## २.२ पुनर्निर्माणको रणनीति

पुनर्निर्माण कार्ययोजनाको लागि देहायका रणनीतिहरूको अवलम्बन गरिएको छ।

### २.२.१ पुनर्निर्माणको तत्कालीन रणनीति

आन्दोलनको क्रममा सामान्य क्षति भएका भवन/संरचनाको मर्मत सम्भार तथा पुनर्निर्माणको पूर्वतयारी सम्बन्धी खर्च तीनै तहका सरकारले आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने। सम्बन्धित निकायमा चालु आर्थिक वर्षमा विनियोजित रकमलाई रकमान्तर गरी व्यवस्थापन गर्ने।

### २.२.२ सार्वजनिक क्षेत्रको पुनर्निर्माणको तीन वर्षीय रणनीति

२.२.२.१ आंशिक तथा पूर्ण क्षति भएका सरकारी भवन तथा संरचनाको पुनर्निर्माणको लागि आगामी दुई आर्थिक वर्ष भित्रमा सम्पन्न गर्ने गरी राष्ट्रिय आयोजना बैङ्क, मध्यमकालीन खर्च संरचना तथा मन्त्रालय स्तरीय बजेट सूचना प्रणालीमा प्रविष्ट गरी कार्यान्वयन गर्ने।

२.२.२.२ पुनर्निर्माण कार्यका लागि तहगत लागत साझेदारी, समन्वय, सहजीकरण र सहयोग परिचालन गर्ने।

२.२.२.३ सेवा संचालन गर्न आवश्यक पर्ने भवन र भौतिक सम्पत्तिको मात्र लागत अनुमान तयार गरी पुनर्निर्माण गर्ने। ।

## २.३ निजी क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनाको रणनीति

प्रभावित निजी प्रतिष्ठानहरूको सञ्चालन निरन्तरता, श्रमिकको संरक्षण र आर्थिक क्रियाकलापको पुनर्स्थापना गर्न सरकारले उपयुक्त राहत तथा सहुलियतका कार्यक्रम अवलम्बन गर्ने।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## ३. पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि अनुमानित लागत रकम र कार्ययोजना

### ३.१ सङ्घीय मन्त्रालय तथा निकायहरूको लागि आवश्यक पर्ने बजेट र कार्ययोजना

पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि चालु आर्थिक वर्षमा सङ्घीय सरकारका मन्त्रालय र निकायहरूलाई रू. ४ अर्ब ३४ करोड बजेट आवश्यक पर्ने देखिन्छ। आगामी दुई आर्थिक वर्षहरुमा रू.१० अर्ब १८ करोडका दरले प्रत्येक वर्ष बजेट उपलब्ध गराउनु पर्ने देखिन्छ।

तालिका नं १

सङ्घीय सरकारको लागि आवश्यक बजेट (रू. लाखमा)

| क्षेत्र | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| भवन | ८०४२.५ | ६६४०८.४ | ६६४०८.४ |
| सवारीसाधन | १३६१४.३ | १३६१४.३ | १३६१४.३ |
| अन्य सम्पत्ति | २१७५२.३ | २१७५२.३ | २१७५२.३ |
| जम्मा | ४३४०९.१ | १०१७७५ | १०१७७५ |

**पुनर्निर्माण कार्ययोजना**

३.१.१ सङ्घीय मन्त्रालय तथा निकायहरूको भवन संरचनामा भएको सामान्य क्षतिको मर्मत सम्भार तथा पूर्ण क्षति भएका संरचनाको पुनर्निर्माणको पूर्व तयारीको लागि अनुमानित खर्च रु. ८० करोड ४२ लाख बजेट सम्बन्धित निकायको लागि आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेटबाट रकमान्तर गरी व्यवस्थापन गर्ने। त्यसबाट अपुग भएको हकमा पूनर्निर्माण कोष मार्फत गर्ने व्यवस्था मिलाउने।

३.१.२ दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सवारीसाधन सम्बन्धित सरकारी निकायहरूमा रहेका मौजुदा सवारीसाधनबाट व्यवस्थापन गर्ने।

३.१.३ अन्य सम्पत्तिको हकमा पनि सरकारी निकायमा उपलब्ध साधनहरूबाट कार्य व्यवस्थापन गर्ने।

३.१.४ सवारीसाधन र भवनहरूको अनिवार्य बिमा गर्ने। स्वामित्व भएको तत् तत् निकायबाट बिमाको व्यवस्था गर्नुपर्ने।

३.१.५ आगामी दुई प्रत्येक आर्थिक वर्षमा वार्षिक रू. १० अर्बका दरले इयर मार्क गरी बजेट सुनिश्चितता गर्ने।

३.१.६ निकायगत बजेट उपलब्ध गराउँदा मुल प्रतिवेदन तयार पार्दा सङ्कलन गरिएको क्षतिको विस्तृत विवरणको तथ्याङ्कलाई आधारको रूपमा लिनु पर्ने।



नेपाल सरकार ... तथा ... कार्यालय

## ३.२ प्रदेश सरकारको लागि आवश्यक पर्ने बजेट र कार्ययोजना

चालु आर्थिक वर्षमा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरूको लागि रू. ८१ करोड २५ लाख र आगामी दुई आर्थिक वर्षका लागि रू. १ अर्ब ४६ करोड ५२ लाखका दरले प्रत्येक वर्ष रकम आवश्यक पर्ने देखिन्छ।

तालिका नं २

प्रदेश सरकारको लागि आवश्यक बजेट (रू. लाखमा)

| क्षेत्र | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| भवन | ८९७.५ | ७४२४.१ | ७४२४.१ |
| सवारीसाधन | ३४५४ | ३४५४ | ३४५४ |
| अन्य सम्पत्ति | ३७७४ | ३७७४ | ३७७४ |
| जम्मा | ८१२५.५ | १४६५२.१ | १४६५२.१ |

<u>पुनर्निर्माण कार्ययोजना</u>

३.२.१ प्रदेश सरकारका मन्त्रालय तथा निकायहरूको भवन संरचनामा भएको सामान्य क्षतिको मर्मत सम्भार तथा पुर्ण क्षति भएका संरचनाको पुनर्निर्माणको पूर्व तयारीको लागि अनुमानित रू. ८ करोड ९७ लाख प्रदेशका मन्त्रालयहरूमा चालु आर्थिक वर्षमा विनियोजित बजेटमध्ये बचत रहने रकमबाट व्यवस्थापन गर्ने।

३.२.२ आगामी दुई प्रत्येक आर्थिक वर्षको लागि वार्षिक रू. १ अर्ब ४६ करोड ५२ लाखका दरले इयर मार्क गरी बजेट सुनिश्चितता गर्ने।

३.२.३ आगामी दुई आर्थिक वर्षको लागि प्रदेश सरकारलाई संघ सरकारबाट उपलब्ध हुने वित्तीय हस्तान्तरणमा पुनर्निर्माण प्रयोजनको लागि छुट्टै आर्थिक सूचक तयार गरी अनुदान उपलब्ध गराउने।

३.२.४ दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सवारीसाधन सम्बन्धित सरकारी निकायहरूमा रहेका मौजुदा सवारीसाधनबाट व्यवस्थापन गर्ने।

३.२.५ अन्य सम्पत्तिको हकमा पनि सरकारी निकायमा उपलब्ध मौजुदा साधनहरूबाट कार्य व्यवस्थापन गर्ने।

३.२.६ सवारीसाधन र भवनहरूको अनिवार्य बिमा गर्ने। स्वामित्व भएको तत् तत् निकायबाट बिमाको व्यवस्था गर्नुपर्ने।

३.२.७ निकायगत बजेट उपलब्ध गराउँदा मुल प्रतिवेदन तयार पार्दा सङ्कलन गरिएको क्षतिको विस्तृत विवरणको तथ्याङ्कलाई आधारको रूपमा लिनु पर्ने।

## ३.३ स्थानीय तहको लागि आवश्यक पर्ने बजेट व्यवस्थापन

स्थानीय तहहरूको लागि चालु आर्थिक वर्ष रू. १ अर्ब ४२ करोड ४७ लाख र आगामी दुई आर्थिक वर्षका लागि रू. ३ अर्ब २१ करोड ९२ लाखका दरले प्रत्येक वर्ष बजेट आवश्यक देखिन्छ ।

तालिका नं ३

स्थानीय तहको लागि आवश्यक बजेट (रू. लाखमा)

| क्षेत्र | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| भवन | २४६७.७ | २०४१२.७ | २०४१२.७ |
| सवारीसाधन | ३४९१.९ | ३४९१.९ | ३४९१.९ |
| अन्य सम्पत्ति | ८२८७.८ | ८२८७.८ | ८२८७.८ |
| जम्मा | १४२४७.३ | ३२१९२.३ | ३२१९२.३ |

### पुनर्निर्माण कार्ययोजना

३.३.१ स्थानीय तहको लागि भवन संरचनामा भएको आंशिक तथा सामान्य क्षतिको मर्मत सम्भार तथा पूर्ण क्षति भएका भवनको पुनर्निर्माणको लागि आवश्यक पूर्व तयारीको लागि आवश्यक रकम रू. २४ करोड ६७ लाख स्थानीय तहमा चालु आर्थिक वर्षमा विनियोजित बजेटमध्ये बचत रहने रकमबाट व्यवस्थापन गर्ने।

३.३.२ आगामी दुई आर्थिक वर्षको लागि वार्षिक रू. ३ अर्ब २१ करोड ९२ लाखका दरले प्रत्येक वर्ष इयर मार्क गरी बजेट सुनिश्चितता गर्ने।

३.३.३ आगामी दुई आर्थिक वर्षको लागि स्थानीय तहलाई संघ तथा प्रदेश सरकारबाट उपलब्ध हुने वित्तीय हस्तान्तरणमा पुनर्निर्माण प्रयोजनको लागि छुट्टै आर्थिक सूचक तयार गरी अनुदान उपलब्ध गराउने।

३.३.४ दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सवारीसाधन स्थानीय तह मौजुदा सवारीसाधनबाट व्यवस्थापन गर्ने।

३.३.५ अन्य सम्पत्तिको हकमा पनि सरकारी निकायमा उपलब्ध साधनहरूबाट कार्य व्यवस्थापन गर्ने।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

३.३.६ सवारीसाधन र भवनहरूको अनिवार्य बिमा गर्ने। स्वामित्व भएको तत् तत् निकायबाट बिमाको व्यवस्था गर्नुपर्नेछ।

३.३.७ पालिकाहरुलाई बजेट उपलब्ध गराउँदा मुल प्रतिवेदन तयार पार्दा सङ्कलन गरिएको क्षतिको विस्तृत विवरणको तथ्याङ्कलाई आधारको रूपमा लिनु पर्ने।

## ४. पुनर्निर्माण र पुनर्व्यवस्थापनको लागि स्रोत व्यवस्थापन

२०८२ भदौ २३ र २४ को आन्दोलनले पारेको भौतिक क्षतिको क्षतिपूर्ति गर्न अतिरिक्त रकमको आवश्यकता पर्ने भएको छ। त्यसै पनि राजस्व परिचालन सुस्त रहेको, सङ्घीयताको परिवेशमा सरकारी खर्चहरू बढि रहेको अवस्थामा सरकारी वित्त दवाबमा रहेको स्थिति छ। यस्तो अवस्थामा २०८२ भदौ २३ र २४ को आन्दोलनले गरेको भौतिक क्षतिको पुनर्निर्माण र पुनर्व्यवस्थापन गर्नको लागि विद्यमान स्रोतको विवेकशील विनियोजन गर्ने र नयाँ वित्तीय स्रोतहरू पहिचान गरी परिचालन गर्नु पर्ने स्थिति छ। यसको लागि देहायका उपायहरू गरी भइरहेको खर्च बचत तथा स्रोत व्यवस्थापन गर्नु जरुरी छ।

### ४.१ स्रोत व्यवस्थापनको लागि कार्ययोजना

४.१.१ साना, टुक्रे र तत्काल नतिजा दिन नसक्ने आयोजनाहरू कटौती गर्ने।

४.१.२ रू. ३ करोड भन्दा कम रकम लाग्ने भौतिक पूर्वाधार निर्माणका कार्य सङ्घीय सरकारबाट नगर्ने नीतिलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने।

४.१.३ साना आयोजनाहरू सशर्त अनुदानको रूपमा सम्बन्धित तहमा हस्तान्तरण गर्ने।

४.१.४ मन्त्रालयहरूले सशर्तमा स्थानीय तहमा पठाउने साना स्तरका कार्यक्रमहरू बन्द गर्ने। (उदाहरणको लागि गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, खरका छाना मुक्त कार्यक्रम, प्रत्येक स्थानीय तहमा खेल मैदान निर्माण कार्यक्रम, जनता आवास कार्यक्रम जस्ता स्थानीय तह र प्रदेश आफैले गर्ने सक्ने कार्यक्रमहरू आगामी दिनमा संघले नगर्ने।)

४.१.५ प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न सकिने कार्यहरू हस्तान्तरण गरेर सङ्घीय कार्यालयहरू बन्द गर्ने।

४.१.६ सवारीसाधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई सवारीसाधनको खरिदमा लागत र प्राविधिक सीमाको मापदण्ड तय गरी सो अनुरूप व्यवस्थापन गर्ने ।

४.१.७ सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना सम्बन्धी प्रतिवेदन, २०८२ लाई आधार लिई आर्थिक वर्ष २०८३/८४ र २०८४/८५को लागि बजेट विनियोजन गर्ने।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

४.१.८ विकास साझेदार र गैर आवासीय नेपालीहरूलाई पुनर्निर्माण कोषमा योगदान गर्न कूटनीतिक माध्यम मार्फत पहल गर्ने, पुनर्निर्माण कोषमा योगदान गर्ने व्यक्तिहरूलाई राज्यले सम्मान गर्ने।

## ५. निजी प्रतिष्ठान र निजी घर सम्पत्तिको पुनर्निर्माण र पुनर्व्यवस्थापन

२०८२ भदौ २३ र २४ को आन्दोलनमा निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठान र निजी घर परिवारहरूको भवन लगायत भौतिक सम्पत्ति नोक्सान पुगेको छ। निजी व्यावसायिक प्रतिष्ठानहरूको रु. २७ अर्ब ४९ करोड बराबर र निजी घर परिवारको रू.६ अर्ब ५ करोड ८४ लाख क्षति गरी कुल रू. ३३ अर्ब ५४ करोड ८७ लाख क्षति भएको देखिन्छ। यो क्षति मध्ये ४५.५ प्रतिशत भवन तथा घरमा (रू. १५ अर्ब २८ करोड ७३ लाख) क्षति पुगेको छ। सवारीसाधनमा ५.५ प्रतिशत (रू. १ अर्ब ८५ करोड १६ लाख) क्षति भएको छ। बाँकी अन्य सम्पत्तिको क्षति भएको छ। करिव रु. २३ अर्बको लागि विमा कम्पनीहरूमा दावी परेको छ। कोभिड १९ र वाह्य क्षेत्रको दबावले शिथिल रहेको अर्थतन्त्र र निजी क्षेत्रको मनोबल कमजोर रहेको अवस्थामा २०८२ भदौ २३ र २४ को आन्दोलनले पारेको क्षतिले निजी क्षेत्र नराम्रोसँग प्रभावित भएको छ। निजी सम्पत्ति र व्यवसायको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्वको रूपमा पर्दछ। तसर्थ, निजी व्यावसायिक प्रतिष्ठान र व्यक्तिगत घर परिवारहरूको क्षतिको पुनर्निमाण र पुनर्व्यवस्थापन गर्न सरकारले केही सहयोग गरी सकेको सन्दर्भमा देहाय वमोजिमको थप व्यवस्था गर्नु उपयुक्त देखिन्छ।

### ५.१ निजी प्रतिष्ठान र निजी घर सम्पत्तिको पुनर्निर्माण र पुनर्व्यवस्थापन सहयोगको लागि कार्ययोजना

५.१.१ क्षति भएका निजी प्रतिष्ठान तथा निजी भौतिक संरचनाको पुनर्निर्माण गर्ने प्रयोजनको लागि नक्सापास गर्नु पर्ने अवस्थामा नक्सापास बापतको रकम छुटका लागि स्थानीय तहलाई अनुरोध गर्ने।

५.१.२ क्षति पुगेका निजी व्यावसायिक प्रतिष्ठानहरूलाई क्षतिको आधारमा तीन वर्षसम्म सम्पत्ति करमा छुट दिन स्थानीय तहलाई अनुरोध गर्ने।

५.१.३ विमा भएका भौतिक संरचनाहरूको बिमा रकम तुरुन्त उपलब्ध गराउने व्यवस्था गर्ने। बिमा कम्पनीमा बिमा रकम उपलब्ध गराउन तरलता अभाव भएमा नेपाल राष्ट्र बैंक तथा कर्मचारी संचय कोष, नागरिक लगानी कोषवाट सहुलियत व्याजदरमा अल्पकालीन सापटी लिन सक्ने व्यवस्था गर्ने।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

५.१.४ आन्दोलनको क्रममा पूर्ण क्षति भएका निजी सवारीसाधनको लगत कट्टा गर्दा लाग्ने सवारीसाधन कर मिनाहा दिन प्रदेश सरकारलाई अनुरोध गर्ने।

५.१.५ चालु पूँजी कर्जा उपभोग गरीरहेका कम्पनी/फर्म/संस्थाको चालु सम्पत्ति पूर्ण क्षति भएको अवस्थामा ऋणीले चाहेमा उक्त कर्जालाई किस्तावन्दी कर्जामा परिणत गर्न सकिने व्यवस्था गर्ने र यसप्रकार परिणत गरिएको कर्जालाई २०८२ असार मसान्तसरह नै वर्गीकरण गर्न सकिने व्यवस्था गर्ने।

५.१.६ आन्दोलनबाट प्रभावित व्यवसायहरुलाई प्रवाहित कर्जाको पुनर्तालिकीकरण र पुनर्संरचना पौष मसान्तसम्म गर्न सकिने व्यवस्था गरिएकोमा उक्त समयावधिलाई २०८३ असार मसान्तसम्म थप गर्ने।

५.१.७ व्यवसायलाई पुनःसञ्चालनमा ल्याउनका लागि आवश्यक पर्ने समय सीमाका आधारमा ग्रेस अवधि तय गर्ने र यस प्रकार ग्रेस अवधि थप गरी पुनर्संरचना गरिएको कर्जालाई २०८२ असार मसान्तकै वर्गमा वर्गीकरण गर्ने।

५.१.८ आन्दोलनका क्रममा क्षति हुन गएका व्यक्तिगत तथा व्यावसायिक भवन तथा भौतिक सम्पत्तिको पुनर्निर्माणको लागि ऋणीले निश्चित समयावधिको लागि परिवर्तन नहुने गरी स्थिर ब्याज दरमा कर्जा लिन चाहेमा हालको आधार दरमा ०.५ प्रतिशत मात्र प्रिमियम थप गरी पाँच वर्षसम्मको लागि उपलब्ध गराउने व्यवस्था गर्ने।

५.१.९ सरकारी कार्यालयबाट सेवा लिने क्रममा वा कर्तव्य पालनाको सिलसिलामा सार्वजनिक कार्यालयको परिसर भित्र क्षति भएको निजी सवारीसाधन, मोवाइल, ल्यापटप र लत्ताकपडाको राहत उपलब्ध गराउने। यसरी राहत उपलब्ध गराउँदा २०८२ भदौ २३ र २४ गते भएको घटना पछिको प्रहरी मुचुल्काको आधारमा मात्र सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत कुल लागतको २५ प्रतिशत राहत उपलब्ध गराउने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

मिति २०८२।०९।३०

माननीय अर्थमन्त्रीज्यू

**विषयः प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०८२ पुष २० गतेको निर्णय अनुसार (अर्थ मन्त्रि स्तरीय) संवत् २०८२ साल भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन (Loss & Damage Assessment) गर्न र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना (Reconstruction Plan) तयार गर्न नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/०६/०५ को निर्णयबमोजिम राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयनका लागि संक्षिप्त कार्ययोजना ७ कार्य दिन भित्र तयार गरी प्रस्तुत गर्न गठित समितिको समितिको प्रतिवेदन पेश गरेका छौ।

| | |
|---|---|
| १. डा. प्रकाश कुमार श्रेष्ठ, उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | संयोजक |
| २. रविलाल पन्थ, सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| ३. डा. घनश्याम उपाध्याय, सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४. श्री रामु पौडेल, कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक | सदस्य |
| ५. श्री हरिशरण पुडासैनी, सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य सचिव |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं